# मिति २०८१ चैत्र ६ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : धारा, विद्यालय, सामुदायिक भवनको रङ कोड सम्बन्धमा ।

प्रस्ताव नं. ५ : समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : मेनपा ५ स्थित ङग्युर थेगछोक हेसाल किल्गुङलिङ (जम्दार गुम्बा संरक्षण) को ठेगाना सम्बन्धमा ।

प्रस्ताव नं. ७ : नदीजन्य पदार्थ उत्खननका लागि नदी प्रवेश आदेश प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं. १० : पशु बिमामा भएको दोहोरपना सम्बन्धमा ।

प्रस्ताव नं. ११ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. १२ : नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/११/११ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को फागुन महिनासम्मको चालु तथा पूँजीगत खर्च प्रगतिको (चालु तर्फ ४१.२३ प्रतिशत र पूँजीगत तर्फ १९.६२ गरी समग्रमा ३०.०४ प्रतिशत) विवरण सार्वजनिक गरियो ।

निर्णय नं. ३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाबाट विनियोजन गरिएको बजेटबाट निर्माण हुने भौतिक संरचनहरु क्रमश: खानेपानी धारामा निलो रङकोड, सामुदायिक विद्यालयको भवनमा पहेंलो रङकोड र सामुदायिक भवनमा सेतो रङ् सहित भवनको पेटीमा रातो कलेजी रङ्को रङकोड अनिवार्य रुपमा प्रयोग गर्ने गरी योजना कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका र विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र (HRDC) को संयुक्त लागत साझेदारीमा मेलम्ची नगरपालिका भित्रका शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई उच्चस्तरीय स्वास्थ्य उपचार, पुनर्स्थापना लगायतका अपाङ्गता सम्बन्धी विशिष्ट सेवा प्रदान गर्ने सम्बन्धी कार्यक्रम संचालनका लागि प्रस्ताव पेश गरेको हुँदा बागमती प्रदेश सरकारको सर्शत कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) संचालनका लागि प्राप्त भएको बजेट रु. ३ लाख र मेलम्ची नगरपालिकाको आ.व. २०८१/०८२ नगर सभाबाट अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालनका लागि विनियोजित साझेदारी बजेट रु. १ लाख २० हजार गरी जम्मा बजेट रु. ४ लाख २० हजार मेलम्ची नगरपालिकाबाट खर्च बेहोर्ने र प्रस्तावना पत्रमा उल्लेख भएको कार्यक्रम संचालनका लागि नपुग थप रकम विकलाङ्ग मित्र समूह/अपाङ्ग बाल अस्पताल तथा

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

पुनर्स्थापना केन्द्र (HRDC) बाट बोहोर्ने गरी संयुक्त लागत साझेदारीमा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत कार्यान्वयन हुने गरी मेलम्ची नगरपालिका वडा नं. १ ठेगाना कायम गरी ङग्पुरथेगछोक हेसाल किल्गुङलिङ (जम्दार) गुम्बा संरक्षणका लागि बजेट विनियोजन भएकोमा उक्त योजनाको ठेगाना मेलम्ची नगरपालिका वडा नं. १ नभई मेलम्ची नगरपालिका वडा नं. ५ भएकोले उक्त योजनाको ठेगाना मेलम्ची नगरपालिका वडा नं. ५ कायम गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. संग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का भित्र समावेश भएका र प्रारम्भिक वातावरीय परीक्षण प्रतिवेदनले निर्धारण गरेका क्षेत्रबाट मेलम्ची नगरपालिका वडा नं. १३ स्थित प्रतिष्ठित बिजनेश प्रा.लि. ले बा २ क ३५८४ नं. को स्काभेटर र बा ४ ख ४२, बा ४ ख ९६८८, बा ४ ख १६४९ र बा ५ ख ७०३१ नं.को ट्रिपर प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन्का लागि निवेदन पेश गरेको तथा मेलम्ची नगरपालिका अन्तर्गत १३ नं. वडा कार्यालयको मिति २०८१/१२/०४ को पत्र र सम्बन्धित ठेकेदार कम्पनी सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को मिति २०८१/१२/०४ को पत्रबाट समेत नदीजन्य पदार्थ उत्खनन् अनुमतिको लागि सिफारिस भई आएको हुँदा मेलम्ची नगरपालिका वडा नं. १३ स्थित जर्केखोला देखि सोना क्रसर उद्योगसम्मको क्षेत्रमा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लिखित क्रसर व्यवसाय कर ( सामान्य बालुवा प्रशोधन फिरफिरे) रु. २,००,०००।– लिई नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आ.व. २०८१/०८२ मा विनियोजन भएका योजनाहरु संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | पार्श्व चित्र निर्माण, मेनपा १३ | २ लाख | फटकिशला मा.वि. शैक्षिक सुधार, मेनपा १३ | १ लाख |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | कालिका चेतना मा.वि. शैक्षिक सुधार, मेनपा १३ | १ लाख |
| २ | राष्ट्रिय भूमि अधिकार मञ्च, मेनपा १३ | ३ लाख | पब्लिक आ.वि. शैक्षिक सुधार, मेनपा १३ | ५० हजार |
| | | | चण्डेश्वरी आ.वि. शैक्षिक सुधार, मेनपा १३ | ५० हजार |
| | | | चण्डेश्वरी खोप केन्द्र व्यवस्थापन, मेनपा १३ | १ लाख |
| | | | १३ नं. वडा कार्यालय भित्रका जग्गाको नापी कार्यालयबाट फिल्ड बुक र नक्सा उतार | १ लाख |
| ३ | विविध खर्च, मेनपा १३ | ५ लाख | भोटडाँडा प्रतिक्षालय निर्माण, मेनपा १३ | ५ लाख |
| ४ | लक्षित वर्ग , मेनपा १३ | ७ लाख ३९ हजार | सुबेदी गाउँ चौलागाई टोल खानेपानी योजना, मेनपा १३ | ४ लाख |
| | | | आय आर्जन अन्तर्गत कृषि कार्यक्रम अदुवा बीउ खरिद, , मेनपा १३ | २ लाख |
| | | | वडा कार्यालय सामग्री व्यवस्थापन, मेनपा १३ | १ लाख ३९ हजार |
| ५ | विविध सार्वजनिक निर्माण शिर्षक, मेनपा १३ | १८ लाख | विविध सार्वजनिक निर्माण शिर्षक, मेनपा १३ | १६ लाख |
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत फटकशिला सिढीं तथा अन्य संरचना निर्माण, मेनपा १३ | २ लाख |
| ६ | फोहोरमैला व्यवस्थापन, मेनपा ११ | ५० लाख | मेलम्ची डडुवा अम्फेचौर भटमासे धुसेनी सडक स्तरोन्नती, मेनपा ११ | ४० लाख |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | मेलम्ची बजार बृहत्त खानेपानी योजना मर्मत संभार, मेनपा ११ | १० लाख |
| ७ | सल्ले कृषि सडक, मेनपा १० | १० लाख | नगर चक्रपथ स्वास्थ्य चौकी उकालो खण्ड सडक स्तरोन्नती, मेनपा १० | १० लाख |
| ८ | वडास्तरीय परीक्षा संचालन तथा व्यवस्थापन, मेनपा १० | १ लाख ५० हजार | अतिरिक्त क्रियाकलाप तथा पुरस्कार , मेनपा १० | १ लाख ५० हजार |

निर्णय नं. ९ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक आयोजना कार्यान्वयनका लागि मेलम्ची नगरपालिकाको नगर सभाबाट आ.व. २०८१/०८२ मा विनियोजित बजेट, संघीय सरकारबाट प्राप्त बजेट र सम्बन्धित वडा कार्यालयबाट विनियोजित बजेट गरी एकिकृत रुपमा देहाय बमोजमिका योजनाहरु कार्यान्वयनका लागि देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | रोजगारी संख्या | संघीय सरकारबाट प्राप्त बजेट रु. | नगरपालिकाबाट विनियोजित बजेट रु. | वडा कार्यालयबाट विनियोजित बजेट रु. | कूल जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | पोखरे कोइराला स्वारा सिढीं निर्माण, मेनपा ७ | ५ | १६७००० | ३२५००० | – | ४९२००० |
| २ | नागथान चाखले दोबाटो सिंढी निर्माण, मेनपा ८ | ५ | १६७००० | ३२५००० | – | ४९२००० |
| ३ | सिरिस बोट बरको बोट वडा कार्यालय देउराली सिंढी निर्माण, मेनपा ९ | ६ | २०४००० | ३००००० | १५०००० | ६५०४०० |
| ४ | दनुवारटोल खानीगाउँ सिंढी तथा चौतारी निर्माण, मेनपा ११ | ७ | २३३८०० | ३५०००० | – | ५८३८०० |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | कोटाचौर कोइरालागाउँ मुल गोरेटो बाटो सिंढी निर्माण, मेनपा १० | ६ | २०४००० | ३००००० | ३००००० | ८००४०० |
| ६ | भञ्ज्याङ्ग देउराली सिंढी निर्माण, मेनपा १२ | ६ | २०४००० | ३२५००० | — | ५२५४०० |
| ७ | फ़टकिशला सिढी तथा अन्य संरचना निर्माण, मेनपा १३ | ५ | १६७००० | ३२५००० | २००००० | ६९२००० |
| जम्मा | | ४० | १३३६००० | २२५०००० | ६५०००० | ४२३६००० |

निर्णय नं. १० : मेलम्ची नगरपालिका भित्रका पशु पालक कृषकहरुलाई नेपाल सरकारबाट बिमा बापत बिमित रकमको ८० प्रतिशत अनुदान र मेलम्ची नगरपालिकाबाट थप २० प्रतिशत अनुदान रकम प्रदान गरिंदै आएकोमा उक्त बिमा बापतको अनुदान रकम दोहोरो पर्न गएको हुँदा मेलम्ची नगरपालिकाबाट प्रदान गरिंदै आएको २० प्रतिशत अनुदान रकम प्रदान नगर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ४२१८२ मिति २०८१/११/२६ गतेको सुझाव सम्बन्धको पत्र प्राप्त भई यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. १२ : Busan Karatedo Frderation, Korea को पत्रबाट 10th April - 14th April, 2025 सममा आयोजना हुने The 37th Busan Mayor's Cup karate-do Championships & The7th HKF Presedeny's Cup karate-do Championship मा मेलम्ची नगरपालिकाका नगर प्रमुख श्री आइतमान तामाङलाई निमन्त्रणा गरिएको हुँदा 8th April - 18th April, 2025 सम्मको नगर प्रमुखको बैदशिक भ्रमणको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची -१

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यापालिकाको बैठकमा मिति २०८१/१२/०६ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम रु.(कन्टेनजेन्सी सहित) | खरिद प्रकिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | जर्के आँपघारी सडक मर्मत | ३००००० | ३१७१५.२८ | १२ | | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि.,आर.सि.सि.,ग्याविन जालि भर्ने कार्य भएको |
| २ | जर्केखोला आँपघारी सिंचाई कुलो मर्मत | ४००००० | ४३२४५.६८ | १२ | | उपभोक्ता समिति मार्फत | भुईमा सोलिङ पि.सि.सि.आर.सि.सि कुलो निर्माण कार्य भएको |
| ३ | नुनढिके शेराफाँट सिंचाई | १०००००० | १०५८२०.०१ | १२ | | उपभोक्ता समिति मार्फत | मेशनरी वाल,आर.सि.सि.कुलो निर्माण कार्य भएको |
| ४ | चालिसे खेत सिंचाई कुलो मर्मत | ३००००० | ३२१४८.८१ | १२ | | उपभोक्ता समिति मार्फत | मेशनरी वाल,hdepपाईपहालेको,आर.सि.सि.,कुलो निर्माण कार्य भएको |
| ५ | ढकालखहरे सुकेटार सिंचाई कुलो मर्मत | २४०००० | २५९८१.२२ | १२ | २३२१७९.१२ | उपभोक्ता समिति मार्फत | स्टोन सोलिङ,मेशनरी वाल निर्माण,कुलो संचालन कार्य भएको |
| ६ | अधेरी खोला देउराली भञ्ज्याङ सिंचाई(साविक ८) | ७५०००० | | ९ | | सोझै खरिद,(कोटेशन) | मेशनरी वाल,hdepपाईपहालेको,आर.सि.सि.,कुलो निर्माण कार्य भएको |
| ७ | गोल्मास्थान बाट बाहुनेटोल जाने बाटो (साविक ४) | २५०००० | २६६२३.५८ | ९ | २५०००० | उपभोक्ता समिति मार्फत | मेशनरी वाल,स्टोन सोलिङ पि.सि.सि,गोरेटो बाटो स्तरोन्नती गर्ने कार्य भएको |
| ८ | काफ्लेखोला भुमेस्थान सडक | १५००००० | १५८४७१.८ | १० | | उपभोक्ता समिति मार्फत | आर.सि.सि.,जियोटेक्सटायल राखेर ग्याविन वाल र ग्राभेल हाल्ने कार्य भएको |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | बाटोघर पाखिन टोल सामुदायिक भवन संरक्षण खानिगाउँ | १०००००० | १०५६२०.१ | ११ | | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि.,जियोटेक्सटायल राखि ग्याविन वाल निर्माण गर्ने कार्य भएको |
| १० | प्रतिष्ठान पिपलबोट टार सडक | ४०००००० | ४२२२६७९.०१ | ११ | ३७९७२२४.१८ | उपभोक्ता समिति मार्फत (अल्या) | माटो कटिङ,वाल निर्माण,जि.आई पाईपको रेलिङ्ग,मेशनरी वाल,सिडी बनाउने कार्य भएको |
| ११ | फलामे खानेपानी योजना(साविक-३) | ४००००० | ४२४०६.३८ | ९ | | उपभोक्ता समिति मार्फत | ट्रयाङ्की निर्माण,पाईप लाइन विस्तार,खानापानी सुविधा उपलब्ध गराउने कार्य भएको |
| १२ | फलघरे टोल सडक(साविक ४) | ४००००० | ४२५४९.३४ | ९ | ३९८५७८.८ | उपभोक्ता समिति मार्फत | स्टोन सोलिङ,मेशनरी वाल निर्माण कार्य भएको |
| १३ | मगरगाउँ मरनघाट निर्माण | ४००००० | ४२३८०.५१ | ९ | ३८६७१०.३ | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि,ट्रस र विश्राम स्थल निर्माण कार्य भएको |
| १४ | थापाटोल डब्ल्याङ सडक स्तरोन्नती (साविक ७,८) | ९५०००० | १०४२३५.१४ | ९ | ९५०००० | उपभोक्ता समिति मार्फत | डब्बल कटिङ,घरहरु संरक्षण,मेशनरी वाल निर्माण कार्य भएको |
| १५ | गुफाली पसलमोड पाल्पालीडाँडा मदिबिडी सडक | १५००००० | १५९१६६.७१ | ९ | | उपभोक्ता समिति मार्फत | ग्याविन वाल,मेशनरी वाल,ह्युमपाईप,हेडवालको क्याचपिट निर्माण कार्य भएको |
| १६ | खुम्लेडाँडा कुण्डेश्वर ठाँटी सडक स्तरोन्नती | १५००००० | १५८७१४.५५ | १२ | | उपभोक्ता समिति मार्फत | पि.सि.सि,आर.सि.सि.,hdep पाईप राखे कार्य सडक स्तरोन्नती कार्य भएको |
| १७ | ठाँटी सिंचाई कुलो गिराञ्चौर | ३००००० | ३१८९३.१ | १२ | | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि.,आर.सि.सि.कुलो सिंचाई सुविधाको कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | महाकाली मा.वि.गिरानचौर गेट तथा घेराबार निर्माण | ५००००० | ५२८५० | १२ | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,आर.सि.सि,पिल्लर निर्माण र फलामे गेट तथा घेराबार गर्ने कार्य भएको |
| १९. | ठाडोखोला गैही सिम्ले सिंचाई कुलो | ५००००० | ५२७९२.२८ | २ | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,सोलिङ पि.सि.सि.,आर.सि.सि.,कुलो निर्माण कार्य भएको |
| २० | जमटे मूलकूलो मोटरबाटो स्तरोन्नती | ५००००० | २७८५५.१९ | २ | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,स्टोन सोलिङ,आर.सि.सि.,सडक ढलान गरी बाटो स्तरोन्नती कार्य भएको |
| २१ | सुँयलछाप सामुदायिक भवन मर्मत तथा चौतारी स्तरोन्नती | ५००००० | ५३१४०.५८ | २ | | | माटो कटिङ,ईट्टाको वाल,झ्याल ढोका तथा प्लास्टर,स्टोन मेशनरी वाल,भवन संरक्षण गर्ने कार्य भएको |
| २२ | निबु गाउँ बुद्धपार्क पर्खाल निर्माण | १०००००० | १०७४७०.५१ | २ | | | स्टोन मेशनरी वाल,ब्याक फिलिङ,बुद्धपार्क संरक्षण गर्ने कार्य भएको |
| २३ | पुच्छारटोल सामुदायिक भवन तथा ढुङ्गेधारा निर्माण | ९००००० | ९६२५४.२१ | २ | | | माटो कटिङ,सोलिङ पि.सि.सि.,झ्याल ढोका तथा प्लास्टर साथै ढुङ्गेधारा निर्माण गर्ने कार्य भएको |
| २४ | राम्चे दोभान घाटेपाटी अधुरोकाम निर्माण | ५००००० | ५३२१२.३८ | १३ | | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि,प्रतिक्षालय निर्माण,झ्याल,ढोकाको खापा,ग्याविन वाल लगाउने कार्य भएको |
| २५ | विविध सार्वजनिक निर्माण | १०००००० | १०७५३५.२१ | १३ | | उपभोक्ता समिति मार्फत (अल्या) | स्टोन मेशनरी वाल,एफ.आर.सि.निर्माण,सोलिङ पि.सि.सि.र खानेपानी वितरण गर्ने कार्य भएको |
| २६ | छेपारेपानी जयले सडक मर्मत | ५००००० | ५४२६४.१५ | १३ | | उपभोक्ता समिति मार्फत | सडक चौडा,ग्याविन वाल,स्टोन सोलिङ,सडक स्तरोन्नती गर्ने कार्य भएको |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | श्री कृष्ण मन्दिर ज्येष्ठ नागरिक पार्क निर्माण | १०००००० | १०६८५२.४३ | १३ | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,विश्रामस्थल निर्माण,चौतारी निर्माण,स्टेप सिडी निर्माण कार्य भएको |
| २८ | नुहारखोला भुमेस्थान मन्दिर निर्माण | ५००००० | | ११ | | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि.,सिडी निर्माण,मेशनरी वाल निर्माण कार्य भएको |
| २९ | कटुञ्जे मानेडाँडा माने निर्माण | १८०८००० | | ११ | | उपभोक्ता समिति मार्फत | माने निर्माण कार्य भएको |
| ३० | सिमपानी कातिके धुसेनी मोटरबाटो | १८०८००० | १९१८२३.११ | ११ | | उपभोक्ता समिति मार्फत | ग्याविन वाल,मेशनरी वाल,सडक स्तरोन्नती निर्माण कार्य भएको |
| ३१ | जोगिडाँडा स्वास्थ्यचौकी रावलटोल मुलबाटो सिडी निर्माण | ५००००० | ५३१०१.४६ | १० | | उपभोक्ता समिति मार्फत | सिडि निर्माण,सोलिङ पि.सि.सि.,मेशनरी वाल निर्माण कार्य भएको |
| ३२ | दुलालटोल ब्रह्मायणी देवी कुल मन्दिर संरक्षण | ५००००० | ५३२३९.४२ | १० | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,मन्दिर संरक्षण निर्माण कार्य भएको |
| ३३ | क्यामुने मुहान जलकिनीधारा खानेपानी | ५००००० | ५३२६८.३२ | १० | | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,खानेपानी धारा निर्माण कार्य भएको |
| ३४ | अँधेरीखोला सल्लेरी सिंचाई कुलो | ४५०००० | ६११६२.९६ | ९ | ४५०००० | उपभोक्ता समिति मार्फत | स्टोन सोलिङ पि सि सि गरी आर.सि.सि. कुलो र मेशिनरी वाल निर्माण गरिएको । |